# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल

सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना ।
(प्रथम पटक प्रकाशित मितिः २०८१/११/१५)

प्रस्तुत विषयमा यस मिथिला नगरकार्यपालिकाको कार्यालय ढल्केवर, धनुषामा तपसील वमोजिमको पद रिक्त रहेकोले योग्यता पुगेको नेपाली नागरिक उम्मेदबारबाट आवश्यक कागजातहरु राखी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | तह | समूह | पद सं. | सेवाको किसिम | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|---|---|---|
| ०४/०८१/८२ | मेडिकल अधिकृत | आठौं | हे.ई. | १ (एक) | करार | -मान्यता प्राप्त शैक्षिक संस्थाबाट जेनेरल मेडिसिन विषयमा MBBS उतिर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । |
| ०५/०८१/८२ | नगर प्रहरी नायव निरिक्षक | पाँचौ | प्रहरी | १ (एक) | करार | -मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण भएको । |
| ०६/०८१/८२ | हे.अ. | पाँचौ | हे.ई. | १ (एक) | करार | -मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट विषय उतिर्ण गरी नेपाल स्वास्थ्य व्यावसायी परिषदमा दर्ता भएको । |
| ०७/०८१/८२ | नगर प्रहरी सहायक निरिक्षक | चौथो | प्रहरी | २(दुई) | करार | -मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण भएको । |
| ०८/०८१/८२ | नगर प्रहरी जवान | सहायकस्तर दोश्रो | प्रहरी | पुरुषः८(आठ) महिलाः४(चार) | करार | -मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उतिर्ण भएको । |

अन्य शर्तहरुः

१. दरखास्त दिने स्थानः मिथिला नगरपालिका, नगरकार्यपालिकाको कार्यालय ढल्केवर, धनुषा ।

२. दरखास्त दिने अन्तिम मितिः २०८१/१२/०१ गते सम्म ।

३. उमेरः अधिकृतस्तर तहको लागि दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पुरा गरि ४५ वर्ष ननाघेको तथा सहायकस्तर तहको लागि दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा गरि ४० वर्ष ननाघेको तर नगर प्रहरीको हकमा २१ वर्ष पूरा भई २४ वर्ष ननाघेको हुनुपर्नेछ ।

४. भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरि कुनै कानुनी कारबाही नभएको,

५. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

६. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र लिएको ।

७. परीक्षाको किसिमः प्रारम्भिक योग्यताक्रम सूची, लिखित र अन्तरवार्ता (नगर प्रहरीको हकमा शारीरिक तन्दुरुस्ती परीक्षण तथा स्वास्थ्य परीक्षण समेत)

८. सेवा, सुविधाः सम्झौता वमोजिम ।

प्रमुख प्रशासकीय अधिकृत

**९. दरखास्त फारम र पाठ्यक्रमः** दरखास्त फारम यस कार्यालयको प्रशासन शाखा, कार्यालयको वेवसाईटबाट प्राप्त गर्न सकिनेछ तथा पाठ्यक्रम **सम्बन्धित सेवा समूहका लागी लोकसेवा आयोग तथा मधेश प्रदेश सरकारले तयार गरेको कार्यविधि** बमोजिम हुनेछ तथा नगर प्रहरीको हकमा लागु हुने परीक्षाको किसिम यस कार्यालयले तयार गरे बमोजिम हुनेछ ।

**१०. आवेदन दस्तुरः** अधिकृतस्तर आठौको लागि रु.१०००।, सहायक पाचौंका लागि रु.६००।, सहायक चौथोको लागि रु.५००। तथा नगर प्रहरी जवान पदका लागि रु.४००। लाग्नेछ ।

**११. आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरुः-**

- नागरिकता प्रमाण पत्रको फोटोकपि, चारित्रिक प्रमाण पत्रको फोटोकपि, आवेदन दस्तुर तिरेको रसिद, न्युनतम शैक्षिक योग्यता प्रमाण पत्रको लब्धांकपत्रको प्रमाणित प्रतिलिपी ।
- २ प्रति पासपोर्ट साईजको फोटो ।
- काम संग सम्बन्धित अनुभव भए सो को प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।
- काउन्सिल दर्ता हुने पदको हकमा सो दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

**१२. नगर प्रहरी सम्बन्धी थप आवश्यक योग्यताहरुः**

(क) **पुरुषः** उचाई न्युनतम ५ फिट २ ईन्च, छाती सामान्य अवस्थामा ३१ र फुलाउँदा ३३ ईन्च, तौलः न्युनतम ५० के.जि., आँखाः माइन्यस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ख) **महिलाः** उचाई न्युनतम ५ फिट, तौलः न्युनतम ४२ के.जि., आँखाः माइन्यस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

**नगर प्रहरी नायव निरीक्षक/नगर प्रहरी सहायक निरीक्षक/ नगर प्रहरी जवान पदको परीक्षाको किसिम तथा पाठयक्रम**

### परीक्षाको किसिम

| क्र.स | चरण | विवरण | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|
| १. | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा | - | - |
| | | शारीरिक तन्दुरुस्ती परीक्षा | - | - |
| २. | दोश्रो चरण | विस्तृत स्वास्थ्य परीक्षण परीक्षा | | |
| ३. | तेस्रो चरण | लिखित परीक्षा | ५० | २० |
| ४. | चौथो चरण | अन्तरवार्ता | २० | |

प्रमुख प्रशासकीय अधिकृत

# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल


<u>प्रथम चरण:</u>

(क) प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा: प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तः

<u>प्रारम्भिक स्वास्थ्य परीक्षण (फिजिकल फिट्नेस) मा अयोग्य हुने अवस्थाहरुः</u>

१. अंगभंग कुरुप देखिने ।
२. हात खुट्टा बाङ्गो-दिङ्गो र औलाहरु ठिक नभएको ।
३. घुडा Knee Lock भएको अथवा Rickets भई फाटिएको (K२ र K२ भन्दा माथिको) ।
४. धेरै चेप्टो पैताला भएको (भालु पाईले) ।
५. प्रष्ट बोली नभएको/ भकभके ।
६. लठ्यौरो ।
७. ढाड कुप्रो भएको ।
८. शरीर पुरा झुकाउन नसक्ने
९. जिउ कोल्टे परेको (बाङ्गो शरीर भएको।
१०. दुवी भएको ।
११. कपाल झरेको, फुलेको बा रंगाएको ।
१२. लुरे (उचाई अनुसार अत्याधिक दुवलो) कम्तीमा ५० के.जी. पुरुष र ४२ के.जी. महिला ।
१३. आँखा डेढो भएको ।
१४. कुनै एक आँखा चिम्लन नसक्ने ।
१५. उचाई अनुसार हुनुपर्ने तौल भन्दा अत्याधिक बढी तौल भएको ।
१६. शरीर मोटो तर हात खुट्टा झिनो देखिने ।
१७. अनुहारमा अस्वाभाविक दागहरु अएको ।
१८. शरीरको बाहिर देखिने भागमा ट्याटु मार्क बनाएको ।
१९. २ (दुई) वटा भन्दा बढी दाँत किराले खाएको वा झरेको ।
२०. भेरिकोच वा नशा फुल्ने भएको ।

(ख) शारीरिक तन्दुरुस्ती परीक्षा:

| ईभेन्टस | ३०० मी. दौड | ३.२ कि.मि (२ माईल) दौड |
|---|---|---|
| महिला | १ मिनेट २ सेकेन्ड | २० मिनेट |
| पुरुष | ५२ सेकेन्ड | १६ मिनेट |

प्रमुख प्रशासकीय अधिकृत

**दोस्रो चरणः**

विस्तृत स्वास्थ्य परीक्षण परीक्षाः सरकारी अस्पताल तथा नेपाल सरकारबाट मान्यता प्राप्त मेडिकल कलेजबाट स्वास्थ्य परीक्षण गरि रिपोर्ट पेश गर्ने ।

१. Height, weight and chest measurement.
२. Chest Checkup (X-ray report)
३. Urine Test.
४. Ear, Nose and Throat Checkup.
५. Dental Checkup.
६. General Physic Checkup (Surgical Test)
७. Blood Pressure and pulse Checkup.
८. Eye Test (Colour blind and Vision Power)
९. General Personality Observation.
१०. Psychiatric Checking.
११. Colour Blind Test.

**तेस्रो चरणः**

**लिखित परीक्षा योजनाः**

| क.स | विषय | परीक्षा प्रणाली | प्रश्न संख्या अंकभार | समय | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १. | सामान्य ज्ञान | बस्तुगतः बहुवैकल्पिक प्रश्न(MCQS) | ३५ ×१=३५ | ४५ मिनेट | ५० | २० |
| २. | बौद्धिक परीक्षा | | १५ ×१=१५ | | | |

**लिखित परीक्षाको पाठ्यक्रमः**

**(क) सामान्य ज्ञानः**

१. **नेपालको सामाजिक, आर्थिक अवस्था र शासनपद्धति** (१० प्रश्न × १ अंक= १० अंक)

१.१ नेपालको सामाजिक अवस्था, परम्परा, मूल्य र मान्यता, धर्म, जातजाति, भाषाभाषी, संस्कृति, कला, साहित्य, संगीत सांस्कृतिक सम्पदा ।

१.२ आर्थिक परिसूचकहरु (आर्थिक वृद्धि, कुल ग्रहस्थ उत्पादन, प्रति व्यक्ति आय, विप्रेषण, वैदेशिक लगानी, वैदेशिक सहयोग) ।

१.३ आर्थिक अवस्था (कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, संचार, विकास योजना) सम्बन्धी जानकारी ।

१.४ नेपालको शासनपद्धति र सरकार- संविधान, संघीय शासन प्रणाली र राजनीतिक व्यवस्था ।

प्रमुख प्रशासकीय अधिकृत

१.५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धी जानकारी ।

**२. जनस्वास्थ्य र वातावरण (५ प्रश्न ×१ अंक = ५ अंक)**

२.१ जनस्वास्थ्य, रोग, खाद्य र पोषण सम्बन्धी जानकारी।

२.२ पर्यावरण, जैविक विविधता, दिगो विकास, जलवायु परिवर्तन, वातावरण व्यवस्थापन, प्रदुषण, जनसंख्या, शहरीकरण, बसोवास (बँसाईसराई) सम्बन्धी जानकारी ।

**३. प्रहरी संगठन सम्बन्धी समसामयिक जानकारी, प्रहरी सेवाको दर्जानी चिन्ह, पद तथा श्रेणी, ट्राफिक संकेत सम्बन्धी जानकारी (१० प्रश्न ×१ अंक = १० अंक)**

**४. मिथिला नगरपालिकाको नगर प्रहरी ऐन, २०८१ सम्बन्धी सामान्य जानकारी ।**

**(५ प्रश्न ×१ अंक = ५ अंक)**

**५. महत्वपूर्ण समसामायिक राष्ट्रिय घट्नाक्रमहरु (५ प्रश्न ×१ अंक = ५ अंक)**

**(ख) बौद्धिक परीक्षणं (आई. क्यू.) (१५ प्रश्न १ अंक =१५ अंक)**

**१. शाब्दिक तार्किक परीक्षण (४ प्रश्न ×१ अंक = ४ अंक )**

अनुक्रम (Series), समरूपता (Analogy), कोडिङ-डिकोडिङ्ग (Coding-Decoding), छोडिएका अक्षर/संकेत मिलाउने (insert the missing character), दिशा र दुरी ज्ञान परीक्षण (Direction and Distance Sense Test)

**२. मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षण (७ प्रत्र १ अंक ७ अंक)**

अनुक्रम / श्रेणीकम (Series/Sequence), समरूपता (Analogy), वर्गीकरण (Classification), कोडिङ्ग (Coding), छोडिएका संख्या (अक्षर/ संकेत) मिलाउने (insert the missing character), साझा गुण (Common property), मेट्रिक्स (Matrices), प्रतिशत (Percentage), भिन (Fraction), दशमलव (Decimal), अनुपात (Ratio), औसत (Average), नाफा नोक्सान (Profit and Loss) ।

**३. अशाब्दिक तार्किक परीक्षण (Non-Verbal Reasoning) (४ प्रत्र १ अंक ४ अंक)**

अनुक्रम (Series), समरूपता (Analogy), एकरूपता (Symmetry), भेन चित्र (Venn-Diagram), मेट्रिक्स चित्र (Matrices), विन्दु, स्थान/स्थिति (Dot Situation)

(नोटः उल्लेखित विज्ञापन सम्बन्धी सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहेको छ, चरणबद्ध रुपमा लिइने परिक्षाको हकमा एक चरणमा अनुत्तीर्ण हुने उम्मेदवारलाई सो पछि हुने अर्को चरणको परिक्षामा सामेल गराइने छैन । साथै कार्यविधिमा तोकिएकोमा बाहेक विभिन्न पदहरुमा पदगत रुपमा लिईने परीक्षाको विषय, किसिम, अंकभार तथा अन्य व्यवस्था छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ ।)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत